# आ.व २०७९।०८० को दशौ नगरसभा बैठकमा प्रस्तुत बजेट बक्तब्य

नगरसभाका अध्यक्षज्यू,
नगरसभा सदस्यज्युहरु,
अन्य आमन्त्रित भद्र महिला तथा सज्जनबृन्द,

बूढानीलकण्ठ नगरपालिकाको आठौं नगरसभाको यस गरिमामय बैठक समक्ष नगर कार्यपालिकाद्वारा तयार गरी पारित गरिएको आ.व २०७९/०८० को अनुमानित आय रु. ३,२५,००,००,०००।०० (अक्षरेपी रु. तिन अर्ब पंचीस करोड मात्र) र अनुमानित ब्यय तर्फ रु. ३,२५,००,००,०००।०० (अक्षरेपी रु. तिन अर्ब पंचीस करोड मात्र) आगामी बर्षको लागि आम्दानी र खर्च गर्न स्वीकृत बिवरण प्रस्तुत गर्न अनुमती माग्दछु ।

बूढानीलकण्ठ नगरपालिकाको स्थापना पश्चात यो दशौ बजेट बिधेयक हो भने २०७९ बैशाख ३० गतेको निर्वाचन पश्चात स्थापित नगरसभाले प्रस्तुत गरेको यो पहिलो बजेट हो । स्थानीय तहको यस गरिमामय सभामा निर्वाचित प्रतिनिधीको हैसियतबाट यस कार्यकालको पहिलो बजेट प्रस्तुत गर्दैछु । यस गरीमामय सभामा पेश भएको बजेटमा खुलेर छलफल गरी प्रस्तुत यस बजेटको बारेमा सकारात्मक रुपमा सल्लाह सुझाव दिई अघि बढाउनहुन सम्पुर्ण नगरसभा सदस्य समक्ष हार्दिक अनुरोध गर्दछु ।

चालु आ.व २०७८/०७९ को थुप्रै योजनाहरु कार्यान्वयनको चरणमा रहेका छन । लक्ष्य अनुसार आन्तरिक श्रोत पनि पुरा भएको छ । लक्ष्य अनुसार यस नगरपालिकाको आन्तरिक आम्दानी राजश्व बाँडफाँड तथा बिभिन्न निकायबाट प्राप्त हुने अनुदान लक्ष्य अनुसार प्राप्त भएको छ । यस परिस्थितिमा सोही बमोजिम आगामी आ.व को लागि पनि अनुमानित आय ब्यय अनुमान प्रस्तुत गरेको छु । चालु आ.व मा पनि सञ्चालन भई पुरा हुन नसकेका योजना र खर्चको जिम्मेवारी आगामी आ.व २०७९/०८० को लागि सार्नु पर्ने अवस्था समेत रहेको छ ।

कोभिड १९ को प्रभावले जताततै असहज स्थिति भईरहँदा यस नगरपालिकाको बिकासमा सडक निर्माण, कालोपत्रे, ढल निर्माण, खानेपानी बिस्तार, पार्क निर्माण, नगर अस्पताल, वडा कार्यालय, सार्वजनिक शौचालय, ह्याण्डबल मैदान लगायत धेरै योजनाहरु सञ्चालन भएका छन जसलाई पुरा गर्न आवश्यक बजेट ब्यवस्था गर्नुपर्ने देखिन्छ ।

चालु आ.व मा आन्तरिक आय तर्फ रु. २९ करोड ७५ लाख अनुमान गरिएकोमा २०७९ असार मंसान्त सम्ममा ३० करोड ७७ लाख २३ हजार १ सय ६९ रुपैयाँ ६८ पैसा प्राप्त भएको छ । त्यसै गरी राजश्व बाँडफाँडबाट असार मसान्त सम्ममा ९५ करोड ९९ लाख ४३ हजार  ३४ रुपैयाँ ६० पैसा प्राप्त भएको छ । चालु आ.व को प्रक्षेपण अनुसार अनुमान गरिएको आय आषाढ मसान्त सम्ममा १२ प्रतिशत राजश्व बढी उठेको देखिन्छ । त्यसै गरी असार  मसान्त सम्मको खर्च स्थिति हेर्दा चालु तर्फ ३३ करोड २४ लाख ६ सय ४४  र पुंजीगत तर्फ रु. ९९ करोड ६१ लाख ८७ हजार ४ सय ५९ रुपैयाँ ४० पैसा खर्च भएको ब्यहोरा यस सभालाई जानकारी गराउँदछु ।

त्यस्तै अनुमानित ब्यय तर्फ चालु खर्चको लागि ३० करोड २५ लाख र वडाबाट योजना छनौट गर्न ४० करोड ९५ लाख बिनियोजन गरिएको छ र समपुरक कोष ५ करोड, सह-लगानी कोष ४ करोड, बिपद ब्यवस्थापन, महामारी नियन्त्रणमा ४ करोड, कर्मचारी कल्याण कोषमा १ करोड, नगर अस्पताल सञ्चालनमा ५ करोड सामाजिक सुरक्षा कोष १ करोड, वडा कार्यालय भवन निमार्ण ४ करोड, फर्निचार तथा फिक्चर मेशिनरी औजार २ करोड ५० लाख मूख्य प्रशासनिक भवन  ५० लाख ई सवारी साधन खरीद ५० लाख कर्मचारी गोल्डेन चेक १ करोड पूँजीगत निर्माण ३ करोड बिषयगत शाखा अन्तर्गत सञ्चालनमा बिनियोजन गरिएको छ । शिक्षा क्षेत्र ७ करोड ५ लाख, स्वास्थ्य तर्फ ७ करोड , मानवीय कल्याण तर्फ २ करोड ३५ लाख, बातावरण तथा बिपद ब्यवस्थापन तर्फ ५ करोड २५ लाख, आर्थिक बिकास अर्न्तगत कृषि तथा पशु बिकास तर्फ १ करोड ९५ लाख, पर्यटन क्षेत्र २ करोड ५० लाख, सहकारी तथा उद्योग ब्यवसाय तर्फ ३५ लाख,  सुशासन तथा सेवा प्रवाहमा ३ करोड ६५ लाख, नगर स्तरीय पूँजीगत खर्चको लागि ३४ करोड १५ लाख र शहरी बिकास ताथ भवन निमार्णमा २७ करोड ८५ लाख खानेपानी योजनमा ८ करोड उज्याले नगर कार्यक्रमा ५ करोड ५९ लाख गत बर्षको भुक्तानी बाँकी ७६ करोड १३ लाख प्रस्ताव गरेको छु ।

सबै आय ब्ययको बिवरण अनुसूचीमा प्रस्तुत गरिएको छ ।

| आय | | |
|---|---|---|
| क्र.सं. | शिर्षक | रकम रु. |
| १ | आन्तरिक राजश्व | २९ करोड २५ लाख |
| २ | मालपोत रजिष्ट्रेसन शुल्क | ५१ करोड २३ लाख ५५ हजार |
| ३ | प्रदेश सरकार सवारीसाधन कर | ५ करोड १० लाख ४१ हजार |
| ४ | मु.अ.क तथा अन्तशुल्क | १३ करोड १६ लाख ४१ हजार |

| | | |
|---|---|---|
| ५ | बनबाट प्राप्त रोयल्टी | १० लाख |
| ६ | केन्द्र सरकार समानीकरण अनुदान | २९ करोड ३९ लाख |
| ७ | केन्द्र सरकार शशर्त अनुदान | ३५ करोड ६५ लाख |
| ८ | केन्द्र सरकार बिशेष अनुदान | २ करोड |
| ९ | प्रदेश सरकार समानीकरण अनुदान | ३ करोड ७३ हजार |
| १० | प्रदेश सरकार शशर्त अनुदान | २ करोड ७ लाख ८१ हजार |
| ११ | प्रदेश सरकार समपुरक अनुदान | २ करोड ९९ लाख ३५ हजार |
| १२ | प्रदेश सरकार बिशेष अनुदान | ७५ लाख |
| १३ | बैक अल्या | १ अर्ब ५० करोड २७ लाख ७३ हजार २ सय |
| जम्मा आम्दानी | | ३,२५,००,००,०००।०० |

| ब्यय | | |
|---|---|---|
| क्र.सं. | शिर्षक | रकम रु. |
| १ | चालु खर्च | ३० करोड २५ लाख |
| २ | केन्द्र सरकार शशर्त अनुदान | ३५ करोड ६५ लाख |
| ३ | केन्द्र सरकार बिशेष अनुदान | २ करोड |
| ४ | प्रदेश सरकार बिशेष अनुदान | ७५ लाख |
| ५ | प्रदेश सरकार शशर्त अनुदान | २ करोड ७ लाख ८१ हजार |
| ६ | प्रदेश सरकार समपुरक अनुदान | २ करोड ९९ लाख ३५ हजार |
| ७ | वडाबाट सिफारिस हुने योजना | ४० करोड ९५ लाख |
| ८ | समपुरक योजना खर्च | ५ करोड |
| ९ | आन्तरिक सहलगानी खर्च | ४ करोड |
| १० | बिपद ब्यवस्थापन कोष -कोभिड माहामारी नियन्त्रण खर्च समेत) | ४ करोड |
| ११ | मूख्य प्रशासनीक भवन | ५० लाख |
| १२ | नगर अस्पताल निर्माण | ५ करोड |
| १३ | वडा कार्यालय भवन | ४ करोड |
| १४ | कर्मचारी कल्याण कोष | १ करोड |
| १५ | सामाजिक सुरक्षा कोष | १ करोड |
| १६ | फर्निचर एण्ड फिक्सर्स | १ करोड ५० लाख |
| १७ | मेशिनरी औजार | १ करोड |
| १८ | शिक्षा तर्फ | ७ करोड ५ लाख |
| १९ | स्वास्थ्य तर्फ | ७ करोड |
| २० | मानवीय कल्याण | २ करोड ३५ लाख |

| | | |
|---|---|---|
| २१ | बातावरण तथा बिपद व्यवस्थापन | ५ करोड ५० लाख |
| २१ | कृषि तथा पशु बिकास | १ करोड ९५ लाख |
| २२ | पर्यटन क्षेत्र | २ करोड ५० लाख |
| २३ | सहकारी, उद्योग व्यवसाय, उद्यमशिल बिकास कार्यक्रम | ३५ लाख |
| २४ | सुशासन, सेवा प्रवाह, प्रशासन, संस्थागत क्षमता बिकास | ३ करोड ६५ लाख |
| | नगरपालिका पूँजीगत खर्च | ३४ करोड १५ लाख |
| २६ | शहरी बिकास, भवन निर्माण तथा विविध पूर्वाधार | २७ करोड ८६ लाख |
| २७ | खानेपानी तर्फ | ८ करोड |
| ३८ | उज्यालो नगर तर्फ | १ करोड ५९ लाख |
| ३९ | गत बर्षको भुक्तानी बाँकी योजना | ८० करोड ३८ लाख ९३ हजार |
| | **जम्मा रु.** | **३,२५,००,००,०००।००** |

अध्यक्ष महोदय,

अन्त्यमा चालु आ.व को अन्तमा भएको आय व्यय अवस्था सहित यस आ.व को अनुमानित आय व्यय मिलान गरी बजेट पुस्तिका तयार गरी उपलब्ध हुनेछ । यस गरिमामय नगरसभाले प्रस्तुत आय व्यय सम्बन्धी बिनियोजन बिधेयक छलफल गरी पारीत गर्नको लागि नगरसभा सदस्यज्यूहरुलाई अनुरोध गर्दै अन्त्य गर्दछु ।

अनिता लामा
नगर उप प्रमुख
बूढानीलकण्ठ नगरपालिका योजना तर्जुमा समिति
संयोजक